(संवत् २०८१ साल माघ मसान्तसम्म भएका संशोधन मिलाइएको)

# राष्ट्रिय चिया तथा कफी विकास बोर्डऐन, २०४९

लालमोहर र प्रकाशन मिति
२०५०।२।२०

| संशोधन गर्ने ऐन | प्रमाणीकरण र प्रकाशन मिति |
|---|---|
| १. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६🠸 | २०६६।१०।७ |
| २. नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७५।११।१९ |

२०५० सालको ऐन नं. ५

2.............

राष्ट्रिय चिया तथा कफी विकास बोर्डको स्थापना र व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: चिया तथा कफी खेती र प्रशोधन गर्ने कार्यमा सामञ्जस्य ल्याउन, आधुनिक प्रविधिको प्रयोगद्वारा उच्च गुणस्तरको चिया तथा कफी उत्पादन गर्ने र बजार व्यवस्थापन तथा निकासी पैठारी गर्नको लागि एक ठोस नीति निर्माण गरी देशमा भएका चिया तथा कफी उद्योगको योजनाबद्ध रुपमा विकास गर्न राष्ट्रिय चिया तथा कफी विकास बोर्डको स्थापना र त्यसको कार्य सञ्चालन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाइसौं वर्षमा संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ:(१) यस ऐनको नाम "राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन, २०४९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

---

🠸 यो ऐन संवत् २०६५ साल जेठ १५गतेदेखि लागू भएको।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

(क) “बोर्ड” भन्नाले दफा ३ बमोजिम स्थापना भएको राष्ट्रिय चिया तथा कफी विकास बोर्ड सम्झनु पर्छ ।

(ख) “समिति” भन्नाले दफा ८ बमोजिम गठन भएको कार्यकारी समिति सम्झनु पर्छ ।

(ग) “अध्यक्ष” भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(घ) “सदस्य” भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष तथा सदस्य–सचिवलाई समेत जनाउनेछ ।

(ङ) “कार्यकारी निर्देशक” भन्नाले दफा १४ बमोजिम नियुक्त भएको वा तोकिएको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(च) “प्रशोधन” भन्नाले चियाको हरियो पत्ती तथा कफीको गेडा कुनै यान्त्रिक प्रक्रियाबाट प्रशोधन गरिने कार्य सम्झनु पर्छ ।

(छ) “उत्पादक” भन्नाले चिया वा कफी उत्पादन गर्ने व्यवसायी सम्झनु पर्छ ।

(ज) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. <u>बोर्डको स्थापनाः</u> राष्ट्रियस्तरमा चिया तथा कफी उद्योगको विकास सम्बन्धी योजनाहरु तर्जुमा गरी निजी तथा सरकारी क्षेत्रमा सञ्चालित चिया तथा कफी उद्योगलाई सुव्यवस्थित एवं प्रभावकारी ढङ्गबाट बढी सबल तुल्याउन राष्ट्रिय चिया तथा कफी बिकास बोर्डको स्थापना गरिएकोछ ।

४. <u>बोर्ड सङ्गठित संस्था हुनेः</u> (१) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) बोर्डको काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) बोर्डले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) बोर्डले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र बोर्ड उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

५. <u>बोर्डको कार्यालयः</u> (१) बोर्डको मुख्य कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

(२) बोर्डले आवश्यकतानुसार नेपाल [2]......... भित्र शाखा कार्यालयहरु खोल्न सक्नेछ ।

६. <u>बोर्डको उद्देश्यः</u> बोर्डको उद्देश्य देहाय बमोजिम हुनेछः–

(क) चिया तथा कफी उद्योगको विकासको लागि उत्पादन, प्रशोधन, बजार व्यवस्थापन तथा निकासी पैठारी सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(ख) चिया तथा कफी खेती तथा उद्योगको विकासमा देखा परेका समस्याहरुको निराकरणका उपायहरु पत्ता लगाउने,

(ग) चिया तथा कफी उद्योगको विकासको लागि चिया तथा कफी खेती र प्रशोधनको लागि आवश्यक पर्ने सामग्रीहरुको आपूर्तिको व्यवस्था गर्ने, गराउने,

(घ) चिया तथा कफी उद्योगको विकासको लागि तालीम तथा अनुसन्धान केन्द्र स्थापना गरी चिया तथा कफी उद्योगमा कार्यरत व्यक्ति वा संस्थाहरुलाई आधुनिक प्राविधिक ज्ञान, प्रशिक्षण र प्राविधिक सहयोग उपलब्ध गराउने,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

(ङ) चिया तथा कफी उद्योगको विकासको लागि आवश्यक अध्ययन गर्ने, गराउने,

(च) चिया तथा कफी उद्योगको क्षेत्रमा कार्यरत संस्थाहरुसँग समन्वय गर्ने,

(छ) चिया तथा कफी उद्योगलाई सहयोग पुऱ्याउने ।

७. <u>बोर्डको काम, कर्तव्य र अधिकार</u>:बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) नेपाल [2].......... मा चिया तथा कफी खेतीको विस्तार तथा विकास गराउन चिया तथा कफी उद्योगको स्थापना, सुधार, प्रवर्द्धन तथा संरक्षण गर्न आवश्यक नीति तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(ख) चिया तथा कफी खेतीको विकास र विस्तारका लागि आवश्यक पर्ने प्राविधिक एवं वित्तीय आधारहरु तयार पारी सोही अनुसार कार्यान्वयन गर्ने, गराउने,

(ग) चिया तथा कफीको मूल्यको सम्बन्धमा नेपाल सरकारलाई परामर्श दिने,

(घ) सानास्तरमा चिया तथा कफी खेती गर्ने कृषकहरुलाई आवश्यक पर्ने कर्जा, बीउ, बेर्ना, रासायनिक मल, कीटनाशक औषधि, औजार, इन्धन, प्राविधिक सेवा, आदिको आपूर्तिको व्यवस्था गर्ने, गराउने,

(ङ) चिया तथा कफी लगाउन उपयुक्त सरकारी ऐलानी जग्गाहरु नेपाल सरकारबाट उपलब्ध गरी चिया तथा कफी लगाउने वा लिज वा किस्ताबन्दीमा दिई चिया तथा कफी खेती गराउने,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

(च) चिया तथा कफी बजार व्यवस्थालाई विकास गर्न समय समयमा बजार सर्भेक्षण गरी उपभोक्ताले रुचाएका चिया तथा कफीको ग्रेड र किसिम आदि यकिन गर्ने र चिया तथा कफीको गुणस्तर निर्धारण गर्ने, गराउने,

(छ) अन्तर्राष्ट्रिय बजारमा चिया तथा कफीको माग सम्बन्धमा निर्यातकर्ताहरुलाई जानकारी गराउने,

(ज) नेपाल [2]........ मा चिया तथा कफी उद्योगको विकास तथा विस्तार गर्नको लागि आवश्यक अध्ययन गर्ने, गराउने,

(झ) चिया तथा कफी उद्योगमा कार्यरत व्यक्ति वा संस्थाहरुलाई प्राविधिक ज्ञान, प्रशिक्षण तथा प्राविधिक सहयोग प्रदान गर्न तालीम तथा अनुसन्धान केन्द्र स्थापना गर्ने, गराउने,

(ञ) चिया तथा कफी उद्योगमा संलग्न व्यक्तिहरुको सीप विकासको लागि ती व्यक्तिहरुलाई विदेशमा आवश्यक तालीम, सेमिनार एवं उच्च शिक्षा दिलाउन आवश्यक व्यवस्था गर्ने,

(ट) चिया तथा कफी उद्योगको विकासको लागि सरकारी तथा निजी क्षेत्रहरुमा भइरहेका प्रयासहरुलाई समन्वय गर्ने, गराउने,

(ठ) चिया तथा कफी उद्योगसँग सम्बन्धित व्यवस्थापन र मजदुर बीच समझदारी वृद्धि गर्न गराउनका लागि आवश्यक कार्य गर्ने, गराउने,

(ड) चिया तथा कफी उद्योगहरुको दर्ताको लगत राख्ने,

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ढ) चिया तथा कफी उद्योगहरुमा व्यवस्थापन सुधार गर्नका लागि आवश्यक कार्य गर्ने, गराउने,

(ण) नेपाल सरकारको स्वीकृति लिई चिया तथा कफीमा सेवा शुल्क (सेस) लगाउने,

(त) चिया तथा कफी उद्योगको विकास सम्बन्धी अन्य आवश्यक कार्य गर्ने, गराउने ।

८. <u>कार्यकारी समितिको गठनः</u>(१) बोर्डको कार्य सञ्चालनको निमित्त देहाय बमोजिमको एउटा कार्यकारी समिति हुनेछः–

"(क) कृषि तथा पशुपन्छी विकास मन्त्री वा राज्यमन्त्री –अध्यक्ष

(ख) नेपाल सरकारबाट मनोनीत व्यक्ति –उपाध्यक्ष

(ग) निजी चिया तथा कफी उत्पादकहरुबाट एक/एक जना प्रतिनिधि –सदस्य

(घ) साना चिया तथा कफी किसानबाट एक/एकजना प्रतिनिधि –सदस्य

(ङ) नेपाल चिया उत्पादक संघबाट एकजना प्रतिनिधि –सदस्य

"(च) सहसचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय –सदस्य

(छ) सहसचिव, अर्थ मन्त्रालय –सदस्य

"(ज) सहसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय –सदस्य

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

॥ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित।

(झ) कार्यकारी निर्देशक, राष्ट्रिय कृषि अनुसन्धान परिषद् –सदस्य

(ञ) महाप्रबन्धक, कृषि विकास बैंक –सदस्य

(ट) महाप्रबन्धक, नेपाल चिया विकास निगम लिमिटेड –सदस्य

(ठ) महाप्रबन्धक, व्यापार प्रवर्द्धन केन्द्र –सदस्य

(ड) कार्यकारी निर्देशक, राष्ट्रिय चिया तथा कफी विकास बोर्ड –सदस्य–सचिव

(२) उपदफा (१) बमोजिमको समितिको गठन भएपछि समितिले चिया तथा कफी उद्योगमा कार्यरत मजदुरहरुमध्येबाट एक एकजना व्यक्तिलाई दुई वर्षको लागि समितिको सदस्यमा मनोनीत गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिमा मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ र निज पुनः मनोनीत हुन सक्नेछ ।

९. <u>समितिको बैठकः</u> (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा वर्षको कम्तीमा दुई पटक बस्नेछ ।

(२) समितिको सम्पूर्ण सदस्य सङ्ख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ । अध्यक्ष तथा उपाध्यक्ष दुवैको अनुपस्थितिमा सदस्यहरुले आफू मध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको निर्णय सदस्य–सचिवद्वारा प्रमाणित गरिनेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कुराहरु समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

१०. समितिको काम, कर्तव्य र अधिकारः (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको विनियमको अधीनमा रही बोर्डले गर्नु पर्ने सम्पूर्ण काम कारबाही गर्नु, अधिकारहरुको प्रयोग तथा कर्तव्यको पालन गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये सबै वा कुनै अधिकार आवश्यकतानुसार कुनै सदस्य वा दफा ११ बमोजिमको उपसमिति वा बोर्डको कुनै अधिकृत कर्मचारीलाई सुम्पन्न सक्नेछ ।

११. उपसमिति गठन गर्न सक्नेः (१) समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यकतानुसार उपसमितिहरु गठन गर्न सक्नेछ ।

(२) उपसमितिको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

१२. बोर्डको कोषः (१) बोर्डको एउटा छुट्टै कोष हुनेछ ।

(२) बोर्डको कोषमा देहायका रकमहरु रहनेछन्ः–

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाहरुबाट प्राप्त रकम,

(ग) चिया तथा कफी खेती र प्रशोधन सम्बन्धी परामर्श सेवा बापत प्राप्त हुने रकम,

(घ) चिया तथा कफीमा लगाइएको सेवा शुल्क (सेस) बाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाहरुबाट अनुदान रकम लिँदा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(४) बोर्डलाई प्राप्त हुने सबै रकम नेपाल [2]......... भित्रको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) बोर्डद्वारा गर्नु पर्ने सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट ब्यहोरिनेछ ।

१३. लेखा र लेखापरीक्षणः (१) बोर्डको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको तरिका बमोजिम राखिनेछ ।

(२) बोर्डको लेखापरीक्षण महालेखा परीक्षकद्वारा हुनेछ ।

१४. कार्यकारी निर्देशकः (१) बोर्डको प्रशासकीय प्रमुखको रुपमा एक कार्यकारी निर्देशक रहनेछ ।

(२) नेपाल सरकारले कार्यकारी निर्देशक पदमा उपयुक्त व्यक्तिलाई नियुक्ति गर्न वा तोक्न सक्नेछ ।

(३) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र निज पुनः बढीमा चार वर्षको लागि नियुक्त हुन वा तोकिन सक्नेछ ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५. बोर्डको कर्मचारीः (१) बोर्डले आफ्नो कार्य सञ्चालनको निमित्त आवश्यक कर्मचारी तोकिए बमोजिम नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीहरुको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१६. नेपाल सरकार समक्ष प्रतिवेदन पेश गर्नु पर्नेः बोर्डले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

१७. नेपाल सरकारसँग सम्पर्कः बोर्डले नेपाल सरकारसँग सम्पर्क राख्दा ॥कृषि तथा पशुपन्छी विकास मन्त्रालयमार्फत राख्नु पर्नेछ ।

१८. बोर्डको विघटनः (१) कुनै मनासिब कारणबाट बोर्डलाई खारेज गर्ने गरी नेपाल सरकारले निर्णय गरेमा बोर्ड विघटन हुनेछ ।

(२) उपदफा (१) बमोजिम बोर्ड विघटन भएमा बोर्डको हक र दायित्व नेपाल सरकारमा सर्नेछ ।

१९. विनियम बनाउने अधिकारः यो ऐनको उद्देश्य कार्यान्वयन गर्न बोर्डले नेपाल सरकारको स्वीकृति लिई आवश्यक विनियमहरु बनाउन सक्नेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

॥ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित।

द्रष्टव्यः केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरुः
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार"।

*(मिति २०७९।९।७ गते अद्यावधिक गरेको)*

(संवत् २०८१ साल माघ मसान्तसम्म भएका संशोधन मिलाइएको)

# राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९

<u>लालमोहर र प्रकाशन मिति</u>
२०४९।७।२१

| <u>संशोधन गर्ने ऐन</u> | <u>प्रमाणीकरण र प्रकाशन मिति</u> |
|---|---|
| १. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६➡ | २०६६।१०।७ |
| २. नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७५।११।१९ |

२०४९ सालको ऐन नं. ३१

2................

<u>राष्ट्रिय सहकारी विकास बोर्डको स्थापना र व्यवस्था गर्न बनेको ऐन</u>

<u>प्रस्तावना:</u>पारस्परिक सहयोग र सहकारिताको माध्यमद्वारा निम्नस्तरका जनताको आर्थिक तथा सामाजिकस्तरमा सुधार ल्याई विभिन्न किसिमको सहकारी संस्था तथा संघहरुको प्रवर्द्धन एवं विकासमा सघाउ पुऱ्याउनको लागि एक राष्ट्रिय सहकारी विकास बोर्डको स्थापना र त्यसको कार्य सञ्चालन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

<u>श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव</u>को शासनकालको एक्काइसौं वर्षमा संसदले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u>(१) यस ऐनको नाम "राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा:</u>विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

---

➡ योऐनसंवत्२०६५सालजेठ१५गतेदेखिलागूभएको।

2गणतन्त्रसुदृढीकरणतथाकेहीनेपालकानूनसंशोधनगर्नेऐन, २०६६द्वाराझिकिएको।

(क) "बोर्ड" भन्नाले दफा ३ बमोजिम स्थापना भएको राष्ट्रिय सहकारी विकास बोर्ड सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले दफा ७ बमोजिम गठन भएको कार्यकारी समिति सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(घ) "सहअध्यक्ष" भन्नाले समितिको सहअध्यक्ष सम्झनु पर्छ ।

(ङ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष, सहअध्यक्ष तथा सदस्य–सचिव समेतलाई जनाउनेछ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. <u>बोर्डको स्थापना:</u>सहकारी सिद्धान्त अनुरुप निम्नस्तरका जनताको आर्थिक तथा सामाजिक विकासको लागि सेवा तथा सुविधा सम्बन्धी नीति निर्माण तथा तत्सम्बन्धी योजना तर्जुमा गरी राष्ट्रियस्तरमा विभिन्न किसिमका सहकारी संस्था तथा संघहरुको विकासमा सघाउ पुऱ्याउने उद्देश्यले राष्ट्रिय सहकारी विकास बोर्डको स्थापना गरिएकोछ ।

४. <u>बोर्ड संगठित संस्था हुने:</u>(१) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) बोर्डको काम कारवाहीका निमित्त एउटा छुट्टै छाप हुनेछ ।

(३) बोर्डले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) बोर्डले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र बोर्ड उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

५. बोर्डको कार्यालयः बोर्डको प्रधान कार्यालय काठमाण्डौ उपत्यकामा रहनेछ ।

६. बोर्डको काम, कर्तव्य र अधिकारः बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) राष्ट्रियस्तरमा सहकारिताको माध्यमबाट सहकारी संघ–संस्थाहरुको प्रवर्द्धन एवं विकासको लागि आवश्यक नीतिहरु तर्जुमा गरी सो को कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिश गर्ने ।

(ख) सहकारी विकास सम्बन्धी नीति निर्माण र तत्सम्बन्धी विकास योजना तर्जुमाको लागि नेपाल सरकारलाई आवश्यक सहयोग पुऱ्याउने र ती नीतिहरु कार्यान्वयन गर्ने, गराउने ।

(ग) सहकारी विकास सम्बन्धी आवश्यक अध्ययन तथा अनुसन्धान गर्ने, गराउने ।

(घ) सहकारी संघ–संस्थाहरुलाई सुलभ तरिकाबाट ऋण वा अनुदान प्रदान गर्ने उद्देश्यले एक सहकारी विकास कोष खडा गरी सो कोषबाट सहकारी संघ–संस्थालाई विकासमूलक कार्य सञ्चालन गर्नको लागि आवश्यक पूँजी उपलब्ध गर्ने, गराउने ।

(ङ) सहकारी संघ–संस्था वा सहकारी बैंकको शेयरमा लगानी गर्ने ।

(च) सहकारी संघ–संस्थाहरुले स्वदेशी बैंक वा अन्य निकायबाट ऋण लिंदा वा ऋणपत्र जारी गर्दा बोर्डको सहयोग मागेमा आवश्यकतानुसार जमानत दिने ।

(छ) सहकारी संघ–संस्थाहरुको विकाससँग सम्बन्धित कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था मिलाउन तथा

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सहकारी संघ–संस्थाहरुको प्रवर्द्धन तथा संरक्षण गर्न प्राविधिक सहयोग उपलब्ध गर्ने, गराउने ।

(ज) नेपाल सरकारका विभिन्न निकाय, सहकारी संघ–संस्था तथा गैर सरकारी संस्थाहरुबीच सामन्जस्य स्थापना गरी त्यस्ता संस्थाहरुलाई व्यवसायमूलक कार्यक्रममा बढी प्रोत्साहित गराउन समन्वयात्मक सहयोग पुऱ्याउने ।

(झ) स्वदेशी तथा विदेशी लगानीकर्ता संघ–संस्था कम्पनी तथा कर्पोरेशन र नेपाल सरकारसँग सहकारी क्षेत्रमा औद्योगिक विकासको लागि संयुक्त लगानी गर्न सम्झौता गराउने ।

(ञ) सहकारी विकास सम्बन्धी अन्य आवश्यक कार्य गर्ने, गराउने ।

७. कार्यकारी समितिको गठनः(१) बोर्डको कार्य सञ्चालनको निमित्त देहाय बमोजिमको एउटा कार्यकारी समिति हुनेछः–

"(क) भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री वा राज्यमन्त्री –अध्यक्ष

(ख) नेपाल सरकारले तोकेको –सहअध्यक्ष

(ग) अध्यक्ष, राष्ट्रिय सहकारी संघ –सदस्य

(घ) नेपाल राष्ट्र बैंकका गभर्नर –सदस्य

(ङ) सचिव, अर्थ मन्त्रालय –सदस्य

"(च) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय –सदस्य

⊗(छ) ..................

---

" नेपालकोसंविधानअनुकूलबनाउनकेहीनेपालऐनलाईसंशोधनगर्नेऐन, २०७५द्वारासंशोधित।

⊗ नेपालकोसंविधानअनुकूलबनाउनकेहीनेपालऐनलाईसंशोधनगर्नेऐन, २०७५द्वाराझिकिएको।

‖(ज) सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय –सदस्य

‖(झ) सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय –सदस्य

(ञ) प्रतिनिधि, राष्ट्रिय योजना आयोग –सदस्य

(ट) रजिष्ट्रार, सहकारी विभाग –सदस्य

(ठ) केन्द्रीय सहकारी संघका अध्यक्षहरुले आफू मध्येबाट निर्वाचन गरेका दुईजना –सदस्य

‖(ड) सात प्रदेशका सहकारी वा सामाजिक कार्यकर्ताहरुमध्येबाट नेपाल सरकारद्वारा मनोनीत सातजना –सदस्य

(ढ) महिला सहकारी कार्यकर्ताहरुबाट एकजना –सदस्य

(ण) सम्बन्धित विषयका विशेषज्ञहरुबाट दुईजना –सदस्य

(त) महाप्रबन्धक, कृषि विकास बैंक –सदस्य

(थ) नेपाल सरकारले तोकेको व्यक्ति –सदस्य–सचिव

(२) उपदफा (१) को खण्ड (ढ) र (ण) बमोजिमका सदस्यहरु समितिको सिफारिसमा नेपाल सरकारले मनोनीत गर्नेछ ।

(३) उपदफा (१) को खण्ड (ठ), (ड), (ढ) र (ण) बमोजिमका सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

(४) नेपाल सरकारले समितिको कारण सहितको सिफारिसमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरु हेरफेर गर्न सक्नेछ ।

कानून तथा न्याय मन्त्रालय

‖ नेपालकोसंविधानअनुकूलबनाउनकेहीनेपालऐनलाईसंशोधनगर्नेऐन, २०७५द्वारासंशोधित।

८. <u>समितिको बैठक:</u>(१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुग्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा सहअध्यक्षले गर्नेछ । अध्यक्ष तथा सहअध्यक्ष दुवैको अनुपस्थितिमा सदस्यहरुले आफूमध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको निर्णय सदस्य–सचिवद्वारा प्रमाणित गरिनेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कुराहरु समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ ।

९. <u>समितिको काम, कर्तव्य र अधिकार:</u>यो ऐन र यस ऐन अन्तर्गत बनेको विनियमको अधीनमा रही बोर्डले गर्नु पर्ने सम्पूर्ण काम कारवाही गर्नु, अधिकारहरुको प्रयोग तथा कर्तव्यको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१०. <u>उपसमिति गठन गर्न सक्ने:</u>(१) समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यकतानुसार उपसमितिहरु गठन गर्न सक्नेछ ।

(२) उपसमितिहरुको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

११. <u>बोर्डको कोष:</u>(१) बोर्डको एउटा छुट्टै कोष हुनेछ ।

(२) बोर्डको कोषमा देहायका रकमहरु रहनेछन्:–

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त अनुदान रकम,

कानून तथा न्याय संसदीय मामिला मन्त्रालय

(ग) सहकारी संघ–संस्थाहरु, अर्ध सरकारी तथा गैर सरकारी संस्थाहरुबाट प्राप्त अनुदान रकम,

(घ) अनुसन्धान तथा परामर्श वापत प्राप्त शुल्क, र

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट अनुदान रकम लिँदा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) बोर्डलाई प्राप्त हुने सबै रकम नेपाल [2]........ भित्रको कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) बोर्डद्वारा गर्नु पर्ने सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

१२. <u>सहकारी विकास कोषः</u>(१) बोर्डले आफ्नो कोषबाट सहकारी संघ–संस्थाहरुलाई सुलभ तरिकाबाट ऋण वा अनुदान प्रदान गर्नको लागि एउटा छुट्टै सहकारी विकास कोष स्थापना गर्नेछ ।

(२) सहकारी विकास कोषको रकम छुट्टै खातामा राख्नु पर्नेछ ।

(३) सहकारी विकास कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

१३. <u>लेखा र लेखापरीक्षणः</u>(१) बोर्डको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको तरिका बमोजिम राखिनेछ ।

(२) बोर्डको लेखापरीक्षण महालेखा परीक्षक वा निजले तोकेको कुनै दर्तावाल लेखापरीक्षकद्वारा हुनेछ ।

१४. <u>अधिकार प्रत्यायोजनः</u>(१) समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये सबै वा कुनै अधिकार आवश्यकतानुसार कुनै सदस्य वा दफा १० बमोजिमको उपसमिति वा बोर्डको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

कानून तथा संसदीय मामिला मन्त्रालय

[2] गणतन्त्रसुदृढीकरणतथाकेहीनेपालकानूनसंशोधनगर्नेऐन, २०६६द्वाराझिकिएको।

१५. सहअध्यक्ष र सदस्य–सचिवको पदावधि र सेवा शर्तः(१) सहअध्यक्ष र सदस्य–सचिवको पदावधि चार वर्षको हुनेछ र निजहरु पुनः बढीमा चार वर्षको लागि नियुक्त हुन सक्नेछन् ।

(२) सहअध्यक्ष र सदस्य–सचिवको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

१६. बोर्डको कर्मचारी तथा सल्लाहकार सम्बन्धी व्यवस्थाः(१) बोर्डले आफ्नो कार्य सञ्चालनको निमित्त आवश्यक कर्मचारीहरु तथा सल्लाहकारको नियुक्ति गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीहरु तथा सल्लाहकारको पारिश्रमिक, सेवाका शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१७. नेपाल सरकार समक्ष प्रतिवेदन पेश गर्नु पर्नेःबोर्डले आफूले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

१८. नेपाल सरकारसँग सम्पर्कःबोर्डले नेपाल सरकारसँग सम्पर्क राख्दा ॥भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमार्फत राख्नु पर्नेछ ।

१९. बोर्डको विघटनः(१) कुनै मनासिव कारणबाट बोर्डलाई खारेज गर्ने गरी नेपाल सरकारले निर्णय गरेमा बोर्ड विघटन हुनेछ ।

(२) उपदफा (१) बमोजिम बोर्ड विघटन भएमा बोर्डको हक र दायित्व नेपाल सरकारमा सर्नेछ ।

२०. विनियम बनाउने अधिकारःयो ऐनको उद्देश्य कार्यान्वयन गर्न बोर्डले नेपाल सरकारको स्वीकृति लिई आवश्यक विनियमहरु बनाउन सक्नेछ ।

---

॥ नेपालकोसंविधानअनुकूलबनाउनकेहीनेपालऐनलाईसंशोधनगर्नेऐन, २०७५द्वारासंशोधित।

द्रष्टव्यःकेही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरुः

"श्री ५ को सरकार"को सट्टा "नेपाल सरकार"।